# उर्लावारी नगरपालिकाको बालबालिका सम्वन्धी स्थिति प्रतिवेदन

२०८०

नि. प्रमुख प्रशासकीय अधिकृत



उर्लावारी नगरकार्यपालिका

उर्लावारीनगरपालिका

उर्लावारी,मोरङ

S. Sankalpa Nepal Pvt. Ltd. Tokha-8, Kathmandu Estd.-2074

प्रकाशक

उर्लावारीनगरपालिका
नगर कार्यपालिकाको कार्यालय
उर्लावारी,मोरङ

प्रति : १००
प्रकाशन मिति : २०८१
सर्वाधिकार :नगरस्तरीय बालअधिकार समिति,उर्लावारी नगरपालिका

संरक्षक
श्री गंगाप्रसाद खरेल
प्रमुख
उर्लावारी नगरपालिका

सल्लाहकार
श्री मीना कुमारी खतिवडाउपप्रमुख, उर्लावारी नगरपालिका
श्री राजकुमार के सी प्रमुख प्रशासकिय अधिकृत,उर्लावारी नगरपालिका
श्री चन्द्रकला सुव्वा, बालकल्याण अधिकारी,उर्लावारी नगरपालिका

लेखन तथा सहजिकरण
सुमन अधिकारी
समन्वय अधिकृत
राष्ट्रिय बालअधिकार परिषद्

स्वस्तिका पोख्रेल
कार्यकारी निर्देशक
एस.संकल्प नेपाल प्रा. ली.
काठमाण्डौ

S. Sankalpa Nepal Pvt. Ltd. * Tokha-8, Kathmandu * Estd.-2074

## स्थिति प्रतिवेदनको सन्दर्भमा

संयुक्त राष्ट्र संघीय महासभाबाट पारित बाल अधिकार सम्बन्धी महासन्धि(Convention of the rights of the children,CRC) लगायत अन्य अन्तराष्ट्रिय तथा क्षेत्रीय सन्धि, अभिसन्धि एवं आलेखहरुका प्रावधानहरु तथा दिगो विकास लक्ष्य(SDGs) लाई नेपालले प्रतिवद्धता जनाईसकेको छ । यी नै प्रतिवद्धता कार्यान्वयनका लागि नेपाल सरकारले संवैधानिक, कानूनी, नीतिगत संरचनागत तथा कार्यक्रमगत व्यवस्था गर्दै आएको छ । बालअधिकार महासन्धि १९८९लाई नेपालले सन १९९० सेप्टेम्वर १४ ( वि.सं. २०४७ भाद्र २९ मा अनुमोदन गरी बालअधिकारको पक्षमा आफुलाई उभ्याएको छ ।

उर्लावारीनगरपालिकालाई बालमैत्री नगरपालिकाको रुपमा घोषणा गर्नका लागि आवश्यक औजारको रुपमा रहेको बालबालिकाको स्थिति प्रतिवेदन बालअधिकारसँग सम्वन्धित विविध सूचना तथा तथ्याङ्कहरुलाई संकलन र प्रशोधन गरी प्रकाशन गरिएको छ । यस प्रतिवेदनमा भएका सूचना, तथ्याङ्क एवं विवरणहरुवाट सुँगुरीगढी नगरपालिकाको बालबालिका सम्वन्धीको अवस्थालाई दर्साउन खोजिएको छ । यसमा समाविष्ट गरिएका सुचनाहरु राष्ट्रिय जनगणना, २०७८, शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयको फ्लेस रिपोर्ट, २०७९,नगरपालिकाका विषयगत शाखाहरुवाट प्राप्त सुचनाहरु,नगरपालिकाको पार्श्वचित्र २०७९, र केन्द्रिय तथ्याङ्क विभागवाट समेत सुचनाहरु प्राप्त गरी यो प्रतिवेदन तयार गरिएको छ ।यस स्थिति प्रतिवेदनले नगरपालिकाको बालबालिकाहरुको सुचकहरु बालमैत्री अभियान सुरु गर्दाका अवस्था र घोषणाको अवधिमा प्राप्त हुने नतिजालाई तुलनात्मक अध्ययन गर्ने आधार वन्ने देखिन्छ ।

नेपालको बालबालिका सम्वन्धी ऐन, २०७५ र बालबालिका सम्वन्धी नियमावली, २०७८ को नियम ८२(ठ) ले हरेक स्थानीय तहले बालबालिका सम्वन्धी स्थिती प्रतिवेदन प्रकाशन गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ । त्यसैगरी बालमैत्री स्थानीय शासन राष्ट्रिय निर्देशिका, २०७८ को संस्थागत सुचकमा बालबालिकाको स्थिती प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था भए वमोजिम यो अवस्था प्रतिवेदन तयार गरी प्रकाशन गरिएको छ । यस प्रतिवेदनले उर्लाबारी नगरपालिकाको बालबालिकाहरुको अवस्था चित्रण गरी लगानी गर्नुपर्ने क्षेत्रहरुको पहिचान गरी योजना निर्माणमा सघाउ पुर्याउने छ भन्ने विश्वास लिएका छौं ।

यस कार्यमा सहयोग गर्नुहुने यस नगरपालिकाका प्रमुखज्यू, उपप्रमुखज्यू, प्रमुख प्रशासकिय अधिकृतज्यू, बालकल्याण अधिकारी, स्वास्थ्य शाखा, शिक्षा शाखा, महिला तथा बालवालिका शाखा, योजना शाखा, राजनैतिक दल, सरोकारवाला साझेदार संघ संस्थाहरु, लक्षित समुह, विद्यालयहरु, बाल क्लव तथा बाल संजाल, नगरपालिकाका सम्पूर्ण कर्मचारी, पत्रकार तथा सम्पुर्ण जनप्रतिनिधिहरु लगायत बालबालिकाको क्षेत्रमा कार्यरत सम्पूर्ण महानुभावहरु, एस.संकल्प नेपाल प्रा.ली.वाट नगरपालिकामा नै रही सहजिकरण गर्नुहुने सहजकर्ताहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

चन्द्रकला सुब्बा
बालकल्याण अधिकारी
उर्लाबारी नगरपालिका

चन्द्रकला सुब्बा
बालकल्याण अधिकारी

सहजकर्ताको तर्फबाट
स्वस्तिका शर्मा
कार्यकारी निर्देशक
एस.संकल्प नेपाल प्रा.ली.

S. Sankalpa Nepal Pvt. Ltd.
Estd.-2074
Tokha-8, Kathmandu

# विषय सुची


| क्र.सं. | विषय | पेज नं |
|---|---|---|
| १ | जिल्लाको परिचय | १ |
| २ | उर्लावारीनगरपालिकाको परिचय | १ |
| ३ | भौगोलिक स्वरुप तथा सिमाना | २ |
| ४ | राजनैतिक तथा  प्रशासनिक अवस्थिति | २ |
| ५ | स्थिति प्रतिवेदनको पृष्ठभुमी | ३ |
| ६ | स्थिति प्रतिवेदन तयार गर्नुको उद्धेश्य | ३ |
| ७ | स्थिति प्रतिवेदन तयार गर्न अपनाईएका विधीहरु | ३ |
| ८ | प्रतिवेदनमा समाविष्ट भएका विषयहरु | ४ |
| ९ | बालबालिका सम्वन्धी नीतिगत व्यवस्था | |
| | नेपालको संविधानमा बालबालिका सम्वन्धी व्यवस्था | ५ |
| १० | बालबालिका सम्वन्धी ऐन,२०७५ र | |
| | अन्य सम्वन्धित केही ऐनहरु | ५ |
| ११ | बालबालिका सम्वन्धी योजना,कार्ययोजा तथा | |
| | नीति तथा कार्यक्रम | ६ |
| १२ | क्षेत्रगत सुचना विश्लेषण | |
| | नगरपालिकाको आधारभुत तथ्यांक | ७ |
| ११ | नगरपालिकाको उमेरगत जनसंख्या | ७ |
| १२ | नगरपालिकाको जातिगत तथा धार्मिक | |
| | रुपमा समाविष्ट घरधुरीको अवस्था | ७ |
| १३ | नगरपालिकाको बालबालिका सम्वन्धी जनसंख्या | ७ |
| १४ | बालबचाउँ, गर्भवती र गर्भवती स्वास्थ्य परिक्षण | ९ |
| १५ | बालसंरक्षण | ११ |
| १६ | बालविकास | १५ |
| १७ | बालसहभागिता | २० |
| १८ | संस्थागत प्रवन्ध | २२ |
| १९ | निश्कर्ष | २७ |
| २० | सन्दर्भ सामग्री | २९ |


चन्द्रकला सुब्बा
बालकल्याण अधिकारी

S. Sankalpa Nepal Pvt. Ltd.
Estd.-2074
Tokha-8, Kathmandu

# उर्लाबारी नगरपालिका
# उर्लाबारी,मोरङ
# बालबालिकाको स्थिति प्रतिवेदन,२०८०
# परिच्छेद १

### १.१.जिल्लाको परिचय :

मोरङ जिल्ला नेपालको पूर्वाञ्चल विकास क्षेत्र, कोशी प्रदेशमा पर्ने औद्योगिक जिल्ला हो। मोरङ्गबाट अपभ्रंस भएर मोरङ यसको नाम भएको मान्यता छ।पूर्वाञ्चलकै ऐतिहासिक गौरव बोकेको मोरङ जिल्ला औद्योगिक तथा जनसङ्ख्याको हिसाबले नेपालकै दोस्रो ठूलो जिल्लाको रूपमा परिचित छ। बहुजाती बहुभाषीले सजिएको नेपालको पूर्वी तराईमा पर्ने यो जिल्ला प्राचिनकालमा बिराट राजाको राजधानीको र मध्यकालमा लिम्बुवानको सबैभन्दा प्रचण्ड राज्यको रूपमा प्रख्यात थियो। मोरङका अन्तिम लिम्बु राजा बुद्धिकर्ण राय खेवाङ हुन्। वि.सं २०१८ सालको प्रशासनिक विभाजन भन्दा अगाडि ३५ जिल्ला हुँदा पनि यो एउटा जिल्लामा अवस्थित थियो जुन हाल मोरङ, सुनसरी तथा झापा जिल्लाहरूमा विभाजित भएको छ। मोरङ जिल्लाको क्षेत्रफल १,८५५ वर्ग किलोमिटर छ। यो पूर्वमा झापा र पूर्वोत्तरमा यो इलामसँग जोडिएको छ भने उत्तरमा धनकुटा, पाँचथर र पश्चिममा सुनसरी तथा दक्षिणमा भारतको विहारसँग यसको सीमाना रहेको छ। वि.सं. २०६८ मा यस जिल्लाको जनसङ्ख्या ९,६५,३७० थियो। मोरङ जिल्लाको सदरमुकाम प्रमुख औद्योगिक शहर विराटनगर हो। अनेकौ ससाना खोलाहरूले सिङ्गारिएको यो जिल्ला धार्मिक तथा संस्कृतिक हिसाबले पनि धेरै अग्रस्थानमा रहेको छ। शैक्षिकताको आधारमा पनि यो जिल्ला महत्त्वपूर्ण जिल्ला हो।

### १.२ उर्लावारीनगरपालिकाको परिचय

मोरङ जिल्लाको सदरमुकाम विराटनगरबाट करिव ५५ किलोमिटर पूर्वोत्तर क्षेत्रमा अवस्थित उर्लाबारी नगरपालिकालाई नेपाल सरकारको मिति २०७१।०१।२५ गतेको निणर्यानुसार नगरपालिकाको रुपमा घोषणा भई तत्पश्चात नेपाल सरकारको मिति २०७३।११।२७ को पुर्नसंरचनाको निर्णयानुसार साविक उर्लाबारी नगरपालिकामा साविक राजघाट गा.वि.स र साविक मधुमल्ला गा.वि.स. को वडा ७, ८ र ९ समायोजन भई उर्लाबारी नगरपालिकाको रुपमा कार्यान्वयन एक नगरपालिका हो । मोरङ जिल्लाकै नमूना नगरको रुपमा परिचिति हुन उन्मुख रहेको यस नगरपालिकाको पूर्वमा झापा जिल्लाको दमक नगरपालिका, पश्चिम क्षेत्रमा पथरीशनिश्चरे नगरपालिका र लेटाङ नगरपालिका, उत्तरमा मिक्लाजुङ्ग गाउँ पालिका र दक्षिणमा रतुवामाई नगरपालिकासँग सीमाना जोडिएको छ भने यस नगरपालिकाको क्षेत्रफल भने ७४.६२ वर्ग कि.मि. रहेको छ । समुन्द्री सतहबाट २६.६७ डिग्रि उत्तरी अक्षांश तथा ८७.६१ डिग्री पूर्वी देशान्तर भूभागमा यस नगर पालिका अवस्थित रहेको पाइन्छ । यस नगरमा करिव ७०,६०५ जनसंख्या मध्ये ५१.१३ प्रतिशत महिला र ४८.८७ प्रतिशत पुरुष सहित १३७६१ घरधुरी रहेको पाइन्छ । अधिकांश भू–भाग खेतियोग्य जमिन भएतापनि बढ्दो सहरीकरणले यस क्षेत्रको विकासमा व्यवस्थित योजना बनाई कार्य गर्नुपर्ने जरुरी भएको अवस्था छ । सन्थाल



चन्द्रकला राई
बालकल्याण अधिकारी

S. Sankalpa Nepal Pvt. Ltd. Estd.-2074 Tokha-8, Kathmandu

भाषाको दुई शब्दहरु उर्ला (बाघ) र वाडि (ठाउँ) अथवा बाघ बस्ने ठाउँको रुपमा परिचित पुरानो जंगल क्षेत्र क्रमिक रुपमा मानिसको बसोवास वृद्धिसँगै नगर क्षेत्रको रुपमा विकसित भएको मान्न सकिन्छ । उर्लाबारी चौकदेखि उत्तर मधुमल्ला हुँदै पाँचथरको रविसम्म जाने बाटो एवं दक्षिणतर्फ सिधा सदरमुकाम पुग्ने बैकल्पिक सडक भएबाट पनि यसको विकासको संभावना प्रचुर मात्रामा देख्न पाइन्छ । बेतिनी सिमसार, बुढा ठाकुर, लामपाते सिमसार हुनु र यसको प्रबद्र्धनमा नगरपालिका र स्थानीय स्तरमा भएको प्रयासले उर्लाबारी नगरपालिले पर्यटन विकासमा बढी मात्रामा संभावना बोकेको देखिन्छ ।

### १.३.स्थिति प्रतिवेदनको पृष्ठभुमी

उर्लावारी नगरपालिकालाई आ.व.२०७८।७९ को अन्त्य सम्म बालमैत्री नगरको रुपमा घोषणा गर्ने सन्दर्भमा व्यक्त भएका प्रतिवद्धताहरुलाई पुरा गर्नका लागि बालबालिका सम्वन्धी महासन्धी, १९८९, नेपालको संविधान, बालबालिका सम्वन्धी ऐन, २०७५, बालमैत्री स्थानीय शासन राष्ट्रिय निर्देशिका, २०७८ ले व्यवस्था गरेका सुचकहरुको प्राप्ती गर्नका लागि नगरको बालबालिका सम्वन्धी आधारभुत अवस्थाको जानकारी प्राप्त गर्न आवश्यक हुन्छ ।नगरको बालबालिकाको आधारभुत अवस्थाका आधारमा तयार हुने रणनीति र कार्यनीतिहरुले बालमैत्री स्थानीय शासनको दीगोपनालाई समेत आत्मसाथ गर्ने भएकोले उर्लावारी नगरपालिकाका ९ वटै वडाका प्रत्येक घरधुरीमा पुगी बालमैत्री स्थानीय शासनका निर्दिष्ट गरिएका सुचक अनुरुपका सुचनाहरु संकलन र प्रसोधन गरी यो स्थिति प्रतिवेदन तयार गरिएको छ ।

### १.४. स्थिति प्रतिवेदन तयार गर्नुको उद्धेश्य-

यस उर्लावारी नगरपालिकाको बालबालिका सम्वन्धी स्थिति प्रतिवेदन तयार गर्नुका निम्न वमोजिमका उद्धेश्यहरु रहेका छन ।

क. बालमैत्री स्थानीय शासन घोषणाका लागि नगरपालिकाका बालबालिकाको वास्तविक अवस्था पत्ता लगाउनु ।

ख. बालमैत्री स्थानीय शासन घोषणाका लागि तयार गरिने रणनीतिका लागि आधार तय गर्नु ।

ग. नगरपालिकाले बालबालिका लागि वनाउने नीति, कार्यक्रम तथा योजनाका लागि सुचना प्राप्त गर्नु ।

### १.५. स्थिति प्रतिवेदन तयार गर्न अपनाईएका विधीहरु

यस नगरपालिकाको बालबालिका सम्वन्धी स्थिति प्रतिवेदन तयार गर्न निम्नानुसारका विधिहरु अपनाईएका छन ।

क. प्राथमिक सुचना संकलन

ख.द्वितिय सुचना संकलन

प्राथमिक सुचना संकलन कार्य अन्तरगत नगरपालिकाका ९ वटै वडाका प्रत्येक घरधुरीमा पुगी निर्दिष्ट गरिएको सुचना संकलन फारम भरी सुचना संकलन गरिएको थियो । जसका लागि नगरपालिकाका सामाजिक परिचालकहरुलाई १ दिने अभिमुखिकरण गरी सुचना संकलन कार्य भएको थियो । यसरी

चन्द्रकला खुब्बा
बालकल्याण अधिकारी



S. Sankalpa Nepal Pvt. Ltd. Tokha-8, Kathmandu Estd.-2074

समुदाय तहवाट प्राप्त भएको आधारभुत सुचनालाई नगरपालिकाको सुचना प्रविधि शाखावाट अनलाईन तथा अफलाईन फारमको निर्माण गरी सुचनाको आधारभुत प्रसोधनको कार्य भएको थियो ।

द्वितिय सुचना संकलन : यस अन्तरगत बालबालिका सम्बन्धी विभिन्न कानूनी व्यवस्था, केन्द्रिय तथ्यांक विभागवाट प्रकाशित भएका सुचनाहरु, राष्ट्रिय बालअधिकार परिषद्वाट प्रकाशित भएका दस्तावेजहरु,नगरपालिकाका विषयगत शाखाहरुबाट प्राप्त भएका सुचनाहरु, नगरपालिकाबाट प्रकाशित दस्तावेजहरुलाई समेत आधारको रुपमा लिईएको छ ।

**१.६. प्रतिवेदनमा समाविष्ट भएका विषयहरु:** यस प्रतिवेदनमा बालअधिकारका चार आधारहरु बालवचाउँ, बालसंरक्षण, बालविकास, बालसहभागिता र संस्थागत विकासका सुचनाहरुलाई समाविष्ट गरिएको छ ।

## परिच्छेद २

## बालबालिका सम्वन्धी नीतिगत व्यवस्था

### २.१नेपालको संविधानमा बालबालिका सम्वन्धी व्यवस्था :

नेपालको संविधानमा बालबालिकाको विषयलाई प्राथमिकता दिईएको छ । संविधानको धारा ३९ मा बालबालिकाको हक शीर्षक अन्तर्गत १० वटा उपधारामा बालबालिकाको विकास, संरक्षण, सहभागिता लगायतको हकहरुको व्यवस्था भएको छ । यी उपधाराहरु लगायत धारा १८,२०,२९,३१,३५,४०, ४२,४३ र ५१ मा उल्लिखित हकहरु बालबालिकाको लागि पनि आकर्षित हुन्छन । यस बाहेक धारा १० मा नागरिकता पाउने हक,धारा १६ मा सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १७ मा स्वतन्त्रताको हक, धारा १९ मा सञ्चारको हक, धारा २२ मा यातना विरुद्धको हक, धारा २६ मा धार्मिक स्वतन्त्रताको हक, धारा २७ मा सूचनाको हक, धारा २८ मा गोपनियताको हक लगायतका मौलिकहरु बालबालिकाप्रति आकर्षित हुन्छन ।

### २.२.बालबालिका सम्वन्धी ऐन,२०७५ र अन्य सम्वन्धित केही ऐनहरु

बालबालिका सम्बन्धी ऐन, २०४८ बालबालिकाका अधिकार तथा विषयहरू केन्द्रित विशिष्टीकृत पहिलो ऐन थियो । उक्त ऐनलाई खारेज गरी बालबालिका सम्बन्धी ऐन, २०७५ लागू भएको छ । यस बीचमा नेपालमा बालबालिकाको मानव अधिकारसँग सम्बन्धित विभिन्न अवयवहरू तथा विषयहरू संविधान, कानूनहरू, नीति, आवधिक योजना, राष्ट्रिय कार्ययोजना लगायतमा समावेश गरी कार्यान्वयनको क्रममा विभिन्न संस्थागत संरचना स्थापना तथा पुनरुस्थापना गरी अनेकन् कार्यहरू गरिसकिएको छ । यसको परिणामस्वरूप बालबालिकासँग सम्बन्धित गुणात्मक र संख्यात्मक सूचकहरूमा उल्लेख्य सुधार भइसकेका छन् भने नवीनतम् प्रयोग र जल्दाबल्दा समस्या तथासवालहरूको सामना समेत गरिएका छन् ।बालबालिका सम्बन्धी ऐन, २०७५ बाल अधिकार महासन्धिको मूलभूत सिद्धान्तहरू र

प्रावधानहरूअनुकुल रहेको छ । यस ऐनमा बालबालिकाका मूलभूत अधिकारहरू (बाँच्नपाउने, नाम, राष्ट्रियता र पहिचान पाउने, अविभेद हुने, बाबुआमासँग बस्ने र भेटघाट गर्नपाउने, संरक्षित हुन पाउने, सहभागीहुन पाउने, अभिव्यक्ति स्वतन्त्रता र सूचना पाउने, संस्था खोल्ने र शान्तिपूर्वक भेला हुन पाउने,गोपनीयता कायम गर्न पाउने, अपाङ्गताभएका बालबालिकाले विशेष सेवासुविधा पाउने, पोषण तथा स्वास्थ्य सेवा सुविधा पाउने, खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक क्रियाकलाप गर्न पाउने,शिक्षा पाउने लगायत) सुनिश्चित गरिएका छन् । राज्यले, परिवार वा संरक्षकले, बालबालिकासम्बन्धी कार्य गर्ने निकाय वा संस्थाले र सञ्चार माध्यमले बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्ने लगायतका दायित्व निर्वाह गर्नुपर्ने प्रावधानहरू समावेश भएका छन् । यसै गरी,ऐनमा बालन्याय, बालबालिकाको विशेष संरक्षण र पुनर्स्थापना, वैकल्पिक हेरचाह, बाल अधिकारतथा बाल कल्याण सम्बन्धी संस्थागत व्यवस्था, बाल कल्याण अधिकारी, समाजसेवी तथा बालमनोविज्ञको व्यवस्था, बाल कोषको स्थापना तथा सञ्चालन, बालबालिका विरुद्धको कसूर लगायतबालबालिकाको कर्तव्य समेतको व्यवस्थाहरू भएका छन् । यद्यपि, यस ऐनमा समसामयिक तथायथोचित व्यवस्थाहरू गर्न सुधार गन जरुरी देखिएको छ ।बालबालिकाका आधारभूत अधिकार, संरक्षण र विकासका विषयहरू अन्य ऐनहरूमा पनि समावेशगरिएका छन् । उदाहरणका लागि, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४,राष्ट्रिय खोप ऐन, २०७२, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन,२०७४, मुलुकी देवानी संहिता ऐन, २०७४, मुलुकी अपराध (संहिता) ऐन २०७४, श्रम ऐन,२०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, सुरक्षित मातृत्व तथा प्रजनन्स्वास्थ्य अधिकार ऐन, २०७५, बालबालिका सम्बन्धी ऐन, २०७५, जन स्वास्थ्य सेवा ऐन, २०७५,अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, सामाजिक सुरक्षा ऐन, २०७५ लगायतकाऐनहरू रहेका छन् ।

### २.३ बालबालिका सम्वन्धी योजना,कार्ययोजा तथा नीति तथा कार्यक्रम

पन्ध्रौं राष्ट्रिय योजना (२०७६/७७-२०८०/८१) मा बालबालिका तथा किशोरकिशोरीको विषयलाईएकीकृत रूपमा समावेश गरिएको छ । यसमा बाल अधिकार सुनिश्चित भएको बालमैत्री समाजकोपरिकल्पना वा सोच लिएको छ भने बालबालिका तथा किशोरकिशोरीलाई सबै प्रकारको हिंसा,दुव्र्यवहार र शोषणबाट मुक्त गराउँदै उनीहरूको हक अधिकार संरक्षण तथा प्रवद्र्धन गरी राष्ट्र निर्माणगर्न सक्ने योग्य र सक्षम नागरिकको रूपमा विकास गर्ने लक्ष्य लिएको छ र उद्देश्यहरू निम्नानुसाररहेका छन् ।

बालबालिका तथा किशोरकिशोरीको अधिकारको संरक्षण र प्रवद्र्धन गर्नु,

- बालबालिका तथा किशोरकिशोरीमैत्री वातावरण सिर्जना गर्नु,
- बालबालिका तथा किशोरकिशोरीविरुद्ध हुने शारीरिक र मानसिक लगायत सबै प्रकारका
- हिंसा, विभेद, दुव्र्यवहार, शोषण र उपेक्षाको अन्त्य गर्नु ।

बालबालिका सम्वन्धी राष्ट्रिय नीति, २०६९, दोस्रो १० वर्षीय बालश्रम निवारण सम्बन्धी राष्ट्रियगुरुयोजना (२०७४-२०८३), राष्ट्रिय शिक्षा नीति, २०७६, बालविवाह विरुद्धको राष्ट्रिय रणनीति,२०७२, मानव

बेचबिखन विशेषगरी महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसारविरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८, शिक्षा क्षेत्रको योजना (मस्यौदा) (२०७८–८७), विद्यालयक्षेत्र विकास योजना (२०७३÷७४–२०७९÷८०), राष्ट्रिय विज्ञान, प्रविधि तथा नव–प्रवर्तन नीति,२०७६, शिशु तथा बाल्यकालीन पोषण रणनीति, २०७३, राष्ट्रिय ई–हेल्थ रणनीति, २०७४, राष्ट्रियस्वास्थ्य नीति, २०७६, बालविकास केन्द्रको सञ्चालनमा लागत सहभागिता सम्बन्धी राष्ट्रिय प्रारूप,२०७७ लगायतका दस्तावेजहरू कार्यान्वयनमा रहेका छन् ।

## परिच्छेद ३
## क्षेत्रगत सुचना विश्लेषण

### ३.१ नगरपालिकाको आधारभुत तथ्यांक

#### ३.१.१ उर्लावारी नगरपालिकाको उमेरगत जनसंख्या


यस उर्लावारी नगरपालिकाको ९ वटै वडाका जनसंख्या ७०९०८ जना रहेको जसमा महिला ३७५५२ र पुरुष ३३३५६ जना रहेको छ । यसरी हेर्दा नगरपालिकामा ५३ प्रतिशत महिला र ४७ प्रतिशत जनसंख्या पुरुषको रहेको छ ।

तालिका नं.१ उर्लावारी नगरपालिकाको जनसंख्या

| | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| १ | ३७५५२ | ३३३५६ | ७०९०८ |

स्रोत राष्ट्रिय जनगणना,२०७८

चित्र नं.१ उर्लावारी नगरपालिकाको जनसंख्यात्मक अवस्था




#### ३.१.२ नगरपालिकाको जातिगत तथा धार्मिक रुपमा समाविष्ट घरधुरीको अवस्था

उर्लावारी नगरपालिकाको ९ वटै वडामा रहेका जनसंख्याको जातिगत घरधुरीका आधारमा विश्लेषण गर्दा जम्मा जनसंख्यामा आदिवासी जनजातीको ४३.३१%, ब्राम्हण २८.३४%, क्षेत्री १६.१६%, दलित ८.२१%, मधेसी ३.६२%, मुस्लिम ०.३६% र अन्य ४५५ रहेकाछन । त्यसैगरी धर्मका आधारमा हिन्दु



चन्द्रकला सुब्बा
बालकल्याण अधिकारी

S. Sankalpa Nepal Pvt. Ltd. Estd.-2074 Tokha-8, Kathmandu

७६.७५%,वौद्ध ७.६८%,किरात ९.४८%, प्रकृती २.८२%, ईसाई २६, ईस्लाम ०.६३%जनसंख्या रहेकाछन ।

### ३.१.३ नगरपालिकाको बालबालिका सम्वन्धी जनसंख्या


उर्लावारी नगरपालिकाको राष्ट्रिय जनगणनाको सुचनका आधारमा यस नगरपालिका ९ वटै वडामा १८ वर्ष उमेर सम्मका बालबालिकाको जम्मा जनसंख्या २३१७७ जना रहेका छन । जसमा बालक ११८८८ र बालिका ११२८९ जना रहेकाछन ।नगरपालिकाको समग्र जनसंख्याको आधारमा बालबालिकाको जनसंख्या ३२.६८% रहेको छ भने बालक ५१.२९% रबालिका ४८.७०% रहेका छन ।

तालिका नं.२ उमेरगत जनसंख्याको विवरण

| Age | Total | Male | Female |
|---|---|---|---|
| 0 Year | 818 | 442 | 376 |
| 1 Year | 970 | 530 | 440 |
| 2 Year | 1049 | 550 | 499 |
| 3 Year | 947 | 485 | 462 |
| 4 Year | 1243 | 627 | 616 |
| 5 Year | 1327 | 703 | 624 |
| 6 Year | 1322 | 667 | 655 |
| 7 Year | 1310 | 685 | 625 |
| 8 Year | 1384 | 712 | 672 |
| 9 Year | 1245 | 602 | 643 |
| 10 Year | 1316 | 676 | 640 |
| 11 Year | 1224 | 638 | 586 |
| 12 Year | 1294 | 658 | 636 |
| 13 Year | 1245 | 637 | 608 |
| 14 Year | 1207 | 633 | 574 |
| 15 Year | 1246 | 585 | 661 |
| 16 Year | 1369 | 715 | 654 |
| 17 Year | 1262 | 643 | 619 |
| 18 Year | 1399 | 700 | 699 |
| | 23177 | 11888 | 11289 |

स्रोत राष्ट्रिय जनगणना,२०७८

चित्र नं.२ नगरपालिका बालबालिकाको संख्यात्मक अवस्था




### ३.२ बाल बचाउँ

### ३.२.१ गर्भवती र गर्भवती स्वास्थ्य परिक्षण

आ.व.२०८०/१ मा यस नगरपालिकाका १७६५० घरधुरी मध्ये ११२१ घरधुरीमा महिला गर्भवती भएको पाईयो ।जसमध्ये प्रसुती पूर्व गरिने चार पटकको स्वास्थ्य परिक्षण पुरा नगर्ने १७४ जना र न्यूनत ४ पटक स्वास्थ्य परिक्षण गर्ने ९४७ जना रहेको पाईयो । यसरी हेर्दा प्रसुती पूर्वको ४ पटकको स्वास्थ्य परिक्षण गर्ने ८४.५ % रहेको छ ।

स्रोत उर्लावारी नगरपालिका स्वास्थ्य शाखा प्रतिवेदन,२०८०

### ३.२.२ सुरक्षित सुत्केरी

यस नगरपालिकामा आ.व. २०८०/८१ मा गर्भवती भएका महिलाहरु मध्ये ११२१ जना सुत्केरी भएका छन ।जस मध्ये १११७ जना अस्पतालमा सुत्केरी भएका छन, ० जनाले स्वास्थ्य संस्था र वर्थिङ सेन्टरमा र ४ जनाले घरमा नै सुत्केरी भएका छन ।यसरी हेर्दा १११७ ( ९९.६ %) जनाले सुरक्षित र अस्पताल वा स्वास्थ्य संस्थामा बच्चा जन्माएको देखिन्छ भने ४ जना.(.०.४ %) जनाले घरमा वच्चा जन्माएका छन ।

### ३.२.३ सुत्केरी पश्चात स्वास्थ्य परिक्षणको अवस्था

उर्लावारी नगरपालिकाका ९ वटै वडाका स्वास्थ्य संस्थावाट प्राप्त सुचना संकलनका आधारमा १११७ जना मध्ये १४९ जनाले सुत्केरी पश्चात पनि स्वास्थ्य परिक्षण गराएका छन भने ९६८ जनाले स्वास्थ्य परिक्षण गराईएको पाईएन । त्यसैगरी १३.३ % सुत्केरी आमाहरुले प्रोटोकल अनुसार सुत्केरी पश्चातको कम्तिमा ३ पटक स्वास्थ्य परिक्षण गरेको पाईयो ।

### ३.२.४ बच्चा जन्मने वित्तिकै विगौती दुध खुवाएको सम्वन्धी अवस्था

उर्लावारी नगरपालिकाका ९ वटा वडामा ११२१ सुत्केरी आमाहरु मध्ये ८९३ सुत्केरीहरुले आफ्ना वच्चालाई पहिलो पटक जन्मने वित्तिकैको विगौती दुध खुवाएको पाईयो ।२२८ जना आमाहरुले खुवाएको पाईएन भने ० जनाको दुध नआएको पाईयो । यसरी हेर्दा ७९.७% सुत्केरीहरुले बच्चालाई पहिलो पटकको विगौती दुध खुवाएका छन ।

चन्द्रकला सुब्बा
बालकल्याण अधिकारी

**३.२.५ बच्चा जन्मेको ६ महिना सम्म आमाको मात्र दुध खुवाएको र अन्य खानेकुरा खुवाएको अवस्था**

बच्चालाई जन्मेको ६ महिनासम्म आमाको मात्र दुध खुवाउनु बच्चाको स्वास्थ्यको लागि अति जरुरी हुन्छ । यसै सन्दर्भमा उर्लावारी नगरपालिकामा जम्मा ११२१ जना आमाहरु मध्ये ८८३.(७८.७%) जनाले मात्र ६ महिना सम्म आफ्नो मात्र दुध खुवाएको पाईयो ।१.१% आमाहरुले दुधको साथै अन्य खानेकुराहरु पनि खुवाएका छन । जसमा ल्याक्टोजिन, झोलिलो खानेकुरा, गाई भैसीको दुध, दालभात सर्वोत्तम पिठोको लिटो रहेकाछन ।

**३.२.६ खोपको अवस्था**

उर्लावारी नगरपालिकाका सबै वडामा गरिएको घरधुरी सर्वेक्षणका आधारमा यस वर्ष जन्मिएका बालबालिकाहरु मध्ये सबै प्रकारका खोप पाएको अवस्था निम्नानुसार रहेको छ ।

तालिका नं.३ खोप पाए नपाएको विवरण

| खोपको नाम | जम्मा बालबालिकाको संख्या | खोप लिएको संख्या | खोप नलिएको संख्या | प्रतिशत |
|---|---|---|---|---|
| विसिजि | १२७८ | १२७८ | ० | १०० प्रतिशत |
| डिपिटी | १२७८ | १२७८ | ० | १०० प्रतिशत |
| हेपाटाईटिस वि | १२७८ | १२७८ | ० | १०० प्रतिशत |
| हिप वि ३ | १२७८ | १२७८ | ० | १०० प्रतिशत |
| दादुरा | १२७८ | १२७८ | ० | १०० प्रतिशत |
| पोलियो | १२७८ | १२७८ | ० | १०० प्रतिशत |
| अन्य खोपहरु | १२७८ | १२७८ | ० | १०० प्रतिशत |

स्रोत उर्लावारी नगरपालिका स्वास्थ्य शाखा प्रतिवेदन,२०८०

**३.२.७. ६ महिना देखी ५ वर्ष सम्मका बालबालिकाहरुलाई भिटामिन ए र जुकाको औषधी खुवाएको अवस्था :**

उर्लावारी नगरपालिकाका सबै वडामा यस वर्ष ६ महिनादेखी ५ वर्ष उमेर सम्मका बालबालिकाहरुलाई भिटामिन ए र जुकाको औषधी खुवाएको अवस्था निम्नानुसार रहेको देखिन्छ ।

तालिका नं.४ भिटामिन ए र जुकाको औषधी खुवाएको अवस्था

| औषधीको नाम | जम्मा बालबालिकाको संख्या | खुवाएको | नखुवाएको | प्रतिशत |
|---|---|---|---|---|
| भिटामिन ए | ४४४९ | ४५७० | ० | १०० प्रतिशत |
| जुकाको औषधी | ३९०३ | ४११६ | | १०० प्रतिशत |

स्रोत उर्लावारी नगरपालिका स्वास्थ्य शाखा प्रतिवेदन,२०८०

चन्द्रकला सुब्बा
बालकल्याण अधिकृत

★ S. Sankalpa Nepal Pvt. Ltd. ★ Tokha-8, Kathmandu Estd.-2074

### ३.२.८ गर्भवती महिलाले मापदण्ड अनुसार टिडि खोप र आईरन चक्की लिएको नलिएको अवस्था

गर्भाअवस्थामा हुने रक्तश्राव र रगतको कमीवाट हुने जोखिमलाई न्यूनिकरण गर्न हरेक गर्भवती महिलाले २२५ वटा आईरन चक्की खानुपर्ने र २ पटक टिडि खोप लगाउनु पर्ने व्यवस्था गरिएको छ । जस अन्तरगत यस वर्ष गर्भवती भएका ११२१ महिला मध्ये ७८० जनाले टिडि खोप लिएका छन ।त्यसैगरी ११२१ महिला मध्ये १०१८ जनाले आईरन चक्की खाएका छन।  जना सुत्केरी पछी ५७९ जनाले मात्र आईरन चक्की सेवन गरेका छन ।

स्रोत उर्लावारी नगरपालिका स्वास्थ्य शाखा प्रतिवेदन,२०८०

### ३.२.९ एच.आई.भी सम्वन्धी विवरण

बालमैत्री स्थानीय शासन अन्तरगतको एउटा महत्वपूर्ण पाटोको रुपमा रहेको एचआईभी सक्रमितहरुको व्यवस्थापन र उपचार को व्यवस्था पनी रहेको छ । यस नगरपालिकाको ९ वटा वडाहरु रहेका १७६५० घरधुरीमा ० जना एचआईभी सक्रमितहरु रहेको र यस वर्ष कुनैपनी सक्रमित महिलावाट बालवालिकाको जन्म नभएको पाईयो ।

### ३.२.१० खानेपानीको स्रोत तथा सुद्दिकरण सम्वन्धी अवस्था

यस नगरपालिकामा खानेपानीको अवस्थालाई हेर्दा १७६५० घरधुरी मध्ये ८९८५ घरधुरीले पाईपवाट वितरण गरिएको पानीको प्रयोग गर्ने गरेको पाईयो भने ८६६५ घरधुरीले परम्परागत कल प्रयोग गर्ने गरेकाछन ।त्यसैगरी खानेपानीलाई सुद्दिकरण गर्ने सम्वन्धमा ८५०० घरधुरीले उमालेर र फिल्टर दुवै गर्ने गरेको पाईयो ।वाँकी १६५ ले सुद्दिकरणका विविध विधीहरु जस्तै औषधीको प्रयोग, सोडिस गर्ने विधीहरु प्रयोग गरेकाछन ।

### ३.२.११ शौचालय र सरसफाई सम्वन्धीको व्यवस्था

उर्लावारी नगरपालिका खुल्ला दिसामुक्त नगरपालिकाको रुपमा घोषित भईसकेको र यसको दीगोपनाको रुपमा कार्य गर्दै आईरहेको छ । बालमैत्री स्थानी शासनका सुचकहरु मध्ये यो सुचक पनी रहने गर्दछ । जसले गर्दा यस नगरपालिकामा १७६५० घरधुरी मध्ये १७१२०.(९७.%) घरधुरीमा सेफ्टीट्यांकी सहितको सौचालय रहेको छ भने वाँकी घरधुरीमा साधारण खालका सौचालय प्रयोगमा रहेका छन ।त्यसैगरी १७२९७(९८%) घरधुरीमा सावुन पानीले हात धुने वानी गरेका छन । वाँकी ले खरानी वा अन्य सर्फहरु को प्रयोग गरेर हात धुने गरेकाछन ।

### ३.३.बालसंरक्षण

बालबालिकाकहरुको गर्भावस्था देखिनै संरक्षण पाउने अधिकार रहन्छ । सुरक्षित रुपमा जन्मन पाउँने, जन्मिएपछी नाम र पहिचानको अधिकार हुदैं विभिन्न जोखिमहरुवाट संरक्षण पाउने अधिकार रहन्छ ।

चन्द्रकला शुक्ला
बालकल्याण अधिकारी

S. Sankalpa Nepal Pvt. Ltd.
Esd. 2074
Tokha-8, Kathmandu

यस परिच्छेदमा बाल अधिकार सम्बन्धी महासन्धिमा व्यवस्था भएका बाल संरक्षणका मुख्य विषयहरुमध्ये आमाबाबुबाट स्याहार (धारा ५), जन्मदर्ता (धारा ७), गोपनीयताको हकको संरक्षण (धारा १६), सबै प्रकारको हिंसाबाट संरक्षण (धारा १९), पारिवारिक स्याहारको वातावरण नभएका बालबालिकालाई विशेष वा बैकल्पिक स्याहार (धारा २०), धर्म सन्तान (धारा २१), शरणार्थी बालबालिका (धारा २२), बालश्रम (धारा ३२), यौनशोषण (धारा ३४) अपहरण र बेचबिखन (धारा ३५), थुना र सजाय (धारा ३७), पीडित बालबालिकाको पुनरुथापना (धारा ३९), बाल न्याय (धारा ४०) लगायतका विषयहरुमा उपलब्ध भएका सूचना तथा तथ्याङ्क प्रस्तुत गरिएको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ मा बालबालिकाको संरक्षण सम्बन्धी व्यवस्था र दफा ४८ मा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको विवरण समावेश छ (अनुसूची १) । दफा १८ मा राज्यको दायित्व अन्तर्गत विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पालनपोषण, संरक्षण, स्वास्थ्य र शिक्षा लगायतका आधारभूत आवश्यकताको व्यवस्था गर्नुपर्ने, राज्यले उपलब्ध स्रोत साधनको आधारमा आवश्यक व्यवस्था मिलाउनेछ भन्ने उल्लेख छ । विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई वैकल्पिक हेरचाहको व्यवस्था मिलाउनु पर्ने तथा आवश्यकता अनुरुप संरक्षक तोक्ने सम्बन्धमा समेत ऐनले व्यवस्था गरेको छ । त्यसैगरी हरेक स्थानीय तहमा बाल कल्याण अधिकारीको व्यवस्था समेत ऐनले गरेको छ । बाल कल्याण अधिकारीले बालबालिकाको तत्काल उद्धार गर्नुपर्ने देखेमा उद्धार गरी अस्थायी संरक्षण सेवामा राख्न सक्नेछ । सहयोग प्रायोजन, परिवार सहयोग, संरक्षक नियुक्ति, धर्मपुत्र/धर्मपुत्री, आवासीय बालगृह लगायत बालबालिकाको संरक्षणको लागि आवश्यक व्यवस्थापन गर्ने प्रावधानहरु रहेका छन् । यी कानूनी प्रावधानहरुबाट नेपालको कानून बालमैत्री रहेको देखिन्छ ।

यसका आधारभुत सुचकहरुको आधारमा उर्लावारी नगरपालिकामा बालसंरक्षणको अवस्था विश्लेषण गरिएको छ ।

### ३.३.१ जन्मदर्ता सम्वन्धी अवस्था

नगरपालिकाका सबै वडामा लिएको सुचना अनुसार जम्मा ७९५४ जना मध्ये ७८६९ जनाको जन्मदर्ता रहेको छ भने जम्मा ८५ जनाको जन्मदर्ता वनेको अवस्था छैन ।त्यसैगरी जन्मेको ३५ दिन भित्र जन्मदर्ता वनाउने १५५३ जना रहेका छन ।त्यसै गरी ५ वर्ष भित्र जन्म दर्ता गराउने जम्मा ७८६९ जना रहेका छन ।

### ३.३.२ बालविवाहको अवस्था

बालविवाह अहिलेको जल्दोवल्दो समस्याको रुपमा रहेको छ । नेपालले सन २०३० सम्म बालविवाहमुक्त नेपालको घोषणा गरेको अवस्थामा स्थानीय स्तरमा बालविवाह जटिल समस्याको रुपमा रहेको देखिन्छ । यसै परिप्रेक्षमा उर्लावारी नगरपालिकाको सबै वडामा गरिएको सर्वेक्षणले बालिविवाहको अवस्था देहाय वमोजिम देखाएको छ ।

यस वर्ष उर्लावारी नगरपालिकाका १७६५० घरधुरीमा विवाह भएका मध्ये १५ देखी २० वर्ष सम्म ४२ जना रहेका छन ।

चन्द्रकला सुब्बा
बालकल्याण अधिकारी



S. Sankalpa Nepal Pvt. Ltd.
Estd.-2074
Tokha-8, Kathmandu

चित्र नं.६ नगरपालिका बालविवाहको अवस्था

यसरी हेर्दा उर्लावारी नगरपालिकामा सबैभन्दा बढी २० वर्षको उमेरमा विवाह भएको देखिन्छ भने वडा नं २ मा १ जनाको मात्र २० वर्षभन्दा मुनी विवाह भएको देखिन्छ ।

### ३.३.३ नगरपालिकामा प्रहरी कार्यालयको अवस्था

बालसंरक्षण प्रणालीको एउटा महत्वपूर्ण पक्ष भनेको प्रहरी हो । बाल संरक्षणका हरेक विषयहरु प्रहरीसँग सम्वन्धित रहेका हुन्छन । यस विषयसँग सम्वन्धित सुचनाका आधारमा नगरक्षेत्र भित्र रहेका प्रहरी कार्यालयहरुको विवरण निम्नानुसार रहेको छ ।

यस उर्लावारी नगरपालिकामा उर्लावारीमा ईलाका प्रहरी कार्यालय रहेको छ भने जम्मा २ वटा प्रहरी चौकीहरु रहेका छन । जुन निम्नानुसार रहेका छन ।.........................................................

### ३.३.४ बालगृह सम्वन्धी बिवरण

यस नगरपालिकामा एउटा बालगृह सञ्चालनमा रहेको छ । जसमा बालक र बालिकाको संख्या निम्नानुसारको रहेको छ ।

| क.सं. | बालक | बालिका |
|---|---|---|
| | २८ | ३८ |

स्रोत: नमुना बालगृह,

## ३.४ बालविकास

यस परिच्छेदमा संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धिमा उल्लेखित मूलतः बालबालिकाको शिक्षा (धारा २८ र २९) संग सम्बन्धित विषयहरु समेटिएका छन् । नेपालको संविधानले बालबालिकाको शिक्षा तथा विकासलाई प्रत्याभूत गरेको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १५ अन्तर्गत बालबालिकाको शिक्षा सम्बन्धी अधिकारका प्रावधानहरु रहेका छन् (१) छ वर्षमुनिका बालबालिकालाई आफ्नो उमेर र विकासको स्तर अनुसार खेलको माध्यम, वातावरणमा आधारित अनुभव र खोजमूलक ढङ्गले सिक्न पाउने तथा प्रारम्भिक बाल विकासको अधिकार हुनेछ ।

(२) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रुपमा बालमैत्री वातावरणमा पाउने अधिकार हुनेछ ।

(३) प्रत्येक बालबालिकालाई आफ्नो विशेष शारीरिक तथा मानसिक अवस्था अनुसार प्रचलित कानून बमोजिम उपयुक्त अध्ययन सामग्री तथा शिक्षण विधिमार्फत शिक्षा पाउने अधिकार हुनेछ ।

(४). दलित बालबालिकालाई प्रचलित कानून बमोजिम छात्रवृत्ति सहितको निःशुल्क शिक्षा पाउने अधिकार हुनेछ ।

### ३.४.१ प्रारम्भिक बाल विकास:

चन्द्रकला सुब्बा
बालकल्याण अधिकारी

S. Sankalpa Nepal Pvt. Ltd.
Tokha-8, Kathmandu
Estd.-2074

प्रारम्भिक बाल विकास बालबालिकाको औपचारिक शिक्षा विकासमा आधारशिला नै हो । यस विषयमा सरकार संवेदनशील रहेको छ । नेपालको संविधानले प्रारम्भिक बाल विकासको विषयलाई मौलिक हकमा नै उल्लेख गरेको छ । शिक्षा ऐन तथा शिक्षा नियमावली लगायतका कानूनी व्यवस्थाहरुमा प्रारम्भिक बाल विकासलाई स्थान दिइएको छ । प्रारम्भिक बाल विकास निर्देशिका, २०६३ मा बाल विकास केन्द्रको सञ्चालन व्यवस्थित गर्ने विषय उल्लेख भएको छ ।

**तालिका नं.७: प्रारम्भिक बालविकास केन्द्रहरुको अवस्था**

| क्र.सं. | विवरण | संख्या | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास केन्द्र | ३१ | ३३६ | २९६ | ६३२ |

स्रोत :उर्लावारी नगरपालिकाको शिक्षा शाखा प्रतिवेदन,२०८०

## ३.४.२विशेष शिक्षा सम्वन्धी व्यवस्था

सबै बालबालिकाले शिक्षा पाँउनु बालबालिकाको नैसर्गिक अधिकार हो । बालबालिकाले आफ्नो क्षमता अनुसारको शिक्षा प्राप्त गर्न पाउनु पर्छ । यसै गरी अपाङ्गता भएका बालबालिकाहरुले आफ्नो क्षमता अनुसारको शिक्षा पाउन अधिकार हो भने त्यस किसिमको शिक्षा प्रदान गर्नु राज्यको दायित्व पनि हो । यसै सन्दर्भमा उर्लावारी नगरपालिकाका ६० वटा विद्यालयमा ६० वटा सञ्चालनमा रहेको छ ।

## ३.४.३ विद्यालय र विद्यालयमा अध्ययनरत बालबालिका सम्वन्धी अवस्था

उर्लावारी नगरपालिकाको समग्र शिक्षाको अवस्था हेर्दा यस नगरपालिकामा ८४.८% साक्षरता दर रहेको छ । त्यसैगरी यस नगरपालिकामा १० वटा सामुदायिक माध्यमिक विद्यालय र १२ वटा सामुदायिक आधारभुत विद्यालयहरु रहेकाछन भने २० वटा संस्थागत माध्यमिक विद्यालय र १८ वटा आधारभुत संस्थागत विद्यालयहरु रहेका छन् ।

**तालिका नं.८ विद्यालय र विद्यालमा बालबालिकाहरुको अवस्था**


| विद्यालय विवरण | आधारभुत विद्यालय संख्या | माध्यमिक विद्यालय संख्या | जम्मा |
|---|---|---|---|
| सामुदायिक | १२ | १० | २२ |
| संस्थागत | १८ | २० | ३८ |

स्रोत :उर्लावारी नगरपालिकाको शिक्षा शाखाको प्रतिवेदन,२०८०

चित्र नं.९ उर्लावारी नगरपालिकामा विद्यालयको अवस्था


चन्द्रकला शुक्ला
बालकल्याण अधिकारी

S. Sankalp Nepal Pvt. Ltd. Tokha-8, Kathmandu Estd.-2074




स्रोत :उर्लावारी नगरपालिकाको शिक्षा शाखाको प्रतिवेदन,२०८०

चित्र नं.१० विद्यालयमा बालबालिको उपस्थिती




### ३.४.४ विद्यालय भर्ना नभएका र विद्यालय छोडेका बालबालिकाको अवस्था

उर्लावारी नगरपालिकामा ............ जना बालबालिका विद्यालयवाट वाहिर रहेको देखिन्छ । यसरी विद्यालय बाहिर रहेको अवस्थालाई विश्लेषण गर्दा देहायको अवस्था देखिन्छ ।

तालिका नं.१० विद्यालय वाहिर रहेका बालबालिकाको अवस्था


| अपाङ्गता भएका कारण | बालविवाह | आर्थिक अवस्था | स्वास्थ्य जटिलताका कारण | चेतनाको कमी | ग्रामिण क्षेत्र | घरायसी कामका कारण | जम्मा |
|---|---|---|---|---|---|---|---|

चन्द्रकला सुब्बा
बालकल्याण अधिकारी

| ३० | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|

स्रोत :उर्लावारी नगरपालिकाको शिक्षा शाखाको प्रतिवेदन,२०८०

चित्र नं.११ विद्यालय बाहिर रहेका बालबालिकाको अवस्था




### ३.४.५ विद्यालय पुग्ने औषत समय

विद्यालयको दुरीले बालबालिकाहरुको सिकाईलाई असर पार्ने गर्दछ। विशेषगरी साना बालबालिकाहरुलाई विद्यालयको पहुँचमा हुनु अति आवश्यक रहेको हुन्छ । यहाँ उर्लावारी नगरपालिकाका आधारभुत तह र माध्यमिक तहका बालबालिकाहरुलाई विद्यालय पुग्न लाग्ने औषत समयको विश्लेषण गरिएको छ ।जसमा आधारभुत तहका बालबालिकाहरुलाई १० मिनेट लाग्ने र माध्यमिक तहका बालबालिकाहरुलाई १५ मिनेट लाग्ने गरेक देखिन्छ ।

स्रोत :उर्लावारी नगरपालिकाको शिक्षा शाखाको प्रतिवेदन,२०८०

### ३.५ बालसहभागिता

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, सन् १९८९ ले १८ वर्षभन्दा कम उमेरका व्यक्तिलाई बालबालिका भनी परिभाषित गरेको छ । यस अनुसार प्रत्येक बालबालिकासँग सरोकार राख्ने बिषयबारे जानकारी पाउने तथा बालबालिका सम्बन्धी विकास प्रक्रियामा बालबालिकाको उमेर र क्षमताको आधारमा आफ्ना विचार राख्न पाउने, सङ्गठित हुन पाउने लगायतका विषयलाई बाल सहभागिताको संज्ञा दिइएको छ । बाल सहभागिता बालबालिकाको आधारभूत अधिकार हो । विगत केही वर्षहरुदेखि राष्ट्रिय विकास योजना र बालबालिका सम्बन्धित राष्ट्रिय कार्ययोजना तर्जुमा प्रक्रियामा बालबालिकाको सहभागिता र विचार समायोजनका विषयलाई प्रोत्साहन दिएको पाइन्छ । विद्यालय वा समुदायमा आधारित बालक्लबहरू मार्फत बालबालिका विभिन्न गतिविधिमा सहभागी हुने गरेका छन् । बाल अधिकार सम्बन्धी महासन्धिका प्रावधानहरूमध्ये बालबालिकाको विचारको सम्मान (धारा १२), अभिव्यक्तिको स्वतन्त्रता (धारा १३), संगठित हुने स्वतन्त्रता (धारा १५), गोपनीयताको हक (धारा १६), सूचनामा पहुँच (धारा १७) आदि बालसहभागितासँग सम्बन्धित

चन्द्रकला सुब्बा
बालकल्याण अधिकारी

Sankalpa Nepal Pvt. Ltd.
Estd.-2074
Tokha-8, Kathmandu

छन् । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८ मा आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफुलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय वा अन्य सार्वजनिक निकाय वा संस्था लगायतबाट गरिने निर्णयमा सहभागी हुने अधिकार हुनेछ भन्ने उल्लेख भएको छ । यसैगरी दफा ९ को अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार अन्तर्गत - (१) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम स्वतन्त्र रुपमा आफ्नो कुरा राख्ने अधिकार हुनेछ, र (२) प्रत्येक बालबालिकालाई प्रचलित कानूनको अधीनमा रही आफ्नो हक, हित र सरोकारको विषयमा सूचना माग्ने र पाउने अधिकार हुनेछ भन्ने व्यवस्था भएको छ । दफा १० को संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकार अन्तर्गत - ९१) प्रत्येक बालबालिकालाई बाल अधिकारको संरक्षण तथा प्रवद्र्धनको लागि बालक्लब वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने अधिकार हुनेछ, र (२) उपदफा (१) बमोजिम बालक्लब वा संस्था खोल्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ । यी व्यवस्थाहरुबाट बालबालिकाको सहभागिता, अभिव्यक्ति स्वतन्त्रता र सूचना तथा शान्तिपूर्वक भेला हुने विषयका अधिकार कानूनद्वारा नै स्थापित हुनपुगेकोछ ।

**३.५.१ उर्लावारी नगरपालिकामा बालक्लवको अवस्था**

उर्लावारी नगरपालिकाको बाट मिति **२०८१/१/२५** मा स्वीकृत उर्लावारी नगरपालिकाको बालअधिकार संरक्षण तथा सम्वर्धन कार्यविधी २०८०. को परिच्छेद **४** को दफा **१०** मा बालक्लवहरुको व्यवस्था भए वमोजिम उर्लावारी नगरपालिकामा १ वटा नगर स्तरीय बालसञ्जाल, ९ वटा वडा स्तरीय बालसञ्जाल र ११ वटा बालक्लवहरु आवद्दता भई सञ्चालनमा रहेकाछन ।

**३.५.२ बालक्लवमा बालबालिकाहरुको सहभागिताको अवस्था**

उर्लावारी नगरपालिकाको १ नगरस्तरीय सञ्जाल, ९ वडास्तरीय बालसञ्जाल र ११ वटा बालक्लवहरुमा आवद्द रहेका बालबालिकाहरुको अवस्था निम्नानुसार रहेको छ ।

**तालिका नं. ११ बालक्लवहरुमा बालबालिकाहरुको सहभागिताको अवस्था**

| बालक्लव सञ्जाल र बालक्लव | जम्मा बालक्लवहरुको संख्या | आवद्द बालक | आवद्द बालिका | जम्मा बालबालिका |
|---|---|---|---|---|
| नगर स्तरीय सञ्जाल | ९ | ४ | ५ | ९ |
| वडा स्तरीय सञ्जाल | ११ | | | ६७ |
| वालक्लवहरु | ११ | ७० | ८६ | १५६ |
| जम्मा | | | | २३२ |

स्रोत:उर्लावारी नगरपालिकाको बालबालिका शाखा, बालक्लव दर्ता अभिलेख,२०७८

३.५.३ उर्लावारी नगरपालिकाको आ.व.२०८१/८२को नीति तथा कार्यक्रममा बालबालिकाको विषय

आ.व.२०७९/८०को नीति तथा कार्यक्रममा बालबालिकाको विषय:

१ बालमैत्री स्थानिय शासन कार्यान्वयन गर्न सुचकहरुको आधार कार्यक्रमहरु संचालन गरिनेछ ।

चन्द्रकला सुब्बा
बालकल्याण अधिकृत

★ S. Sankalpa Nepal Pvt. Ltd. ★ Tokha-8, Kathmandu Estd.-2074

२ बाल सरक्षण प्रणालीलाई सद्धिढिकरण गरिनेछ ।

आ.व.२०८१/८२को नीति तथा कार्यक्रममा बालबालिकाको विषय

१ बाल अधिकार सुनिश्चितताका लागि सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

२ बालमैत्री नगर घोषणा गर्न वडाहरुलाई क्रमशः बालमैत्री बडा स्थापित गरिदै लगिनेछ ।

३ सडक बालबालिका, सडक मानव, असहाय बालबालिका तथा असहाय ज्येष्ठ नागरिकहरुको उचित व्यवस्थापनका लागि कार्यक्रम संचालन गरिनेछ।

४ उपमेयर किशोर किशोरी कार्यक्रम मार्फत हिंसा, कुरितीको विरुद्धमा सचेतना कार्यक्रमलाई निरन्नतरता दिइनेछ ।

**३.५.४ उर्लावारी नगरपालिकाको आ.व.२०८१/८२को नीति तथा कार्यक्रममा बालबालिकाको विषय**

**३.५.५ उर्लावारी नगरपालिकाको आ.व.२०८१/८२को बजेट तथा कार्यक्रममा बालबालिकाको विषय**

# परिच्छेद ४

## निश्कर्ष

नेपालको संविधानमा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकताको रुपमा लिइएको छ । धारा ३९ अन्तर्गत बालबालिकाको हक शीर्षकमा १० वटा उपधारामा बालबालिकाको शिक्षा, स्वास्थ्य लगायत विकास, संरक्षण, सहभागिता सम्बन्धी अधिकार प्रत्याभूत गरिएको छ । यस संविधानमा बाल अधिकारका मूलभूत सिद्धान्तहरुसहित बाल अधिकारका आधारभूत मान्यताहरुलाई स्पष्ट रुपमा अङ्गीकार गरिएकोले बाल अधिकारको दृष्टिकोणबाट यो संविधान उत्कृष्ट देखिएको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ मा बालबालिकाको बाँच्न पाउने अधिकार, विकास सम्बन्धी शिक्षा र स्वास्थ्यको सेवासुविधा पाउने अधिकार, भेदभाव बिरुद्धको अधिकार, संरक्षणको अधिकार, सहभागिताको अधिकार, अपाङ्गता भएका बालबालिकाको विशेष अधिकार लगायतका बालबालिकाको १३ वटा मूलभूत अधिकारहरु सुनिश्चित गरिएका छन् । बालबालिकाप्रति राज्यको, संघसंस्था तथा निकायको, परिवार वा संरक्षकको एवम् सञ्चार क्षेत्रको दायित्व सम्बन्धी प्रावधानहरु समावेश गरिएका छन् । यस अतिरिक्त, बाबु, आमा, संरक्षक, परिवारका अन्य सदस्य, शिक्षक तथा समाजसेवीले बालबालिकाको सर्वोत्तम हितलाई विचार गरी दिएको सल्लाह, सुझाव, मार्गदर्शन र निर्देशन पालना गर्नु तथा सबैलाई सम्मान र आदर गर्नु प्रत्येक बालबालिकाको कर्तव्य हुने भन्ने उल्लेख

चन्द्रकला सुब्बा
बालकल्याण अधिकारी

S. Sankalpa Nepal Pvt. Ltd. Tokha-8, Kathmandu Estd.-2074

भएको छ । यी यावत प्रावधानहरुलाई मध्यनजर राख्दा बालबालिका सम्बन्धी ऐन, २०७५ बालबालिकाको समग्र हक, हित र अधिकारलाई समेटिएको एक बालमैत्री कानून हो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले बालबालिकाका लागि आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाई लगायत बाल संरक्षणसंग सम्बन्धित विविध विषयगत पक्षहरुमा स्थानीय सरकारका अङ्गहरुले गर्नुपर्ने कार्यहरुलाई समावेश गरेको छ । यस अतिरिक्त अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, जनस्वास्थ्य सेवा ऐन, २०७५, सामाजिक सुरक्षा ऐन, २०७५, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ जस्ता कानूनी व्यवस्था भएबाट नेपाल सरकार बाल अधिकार सुनिश्चितताको दिशातर्फ उन्मुख भएको देखिएको छ । नेपाल संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को एक पक्षधर राष्ट्र हो । नेपाल सरकारले संयुक्त राष्ट्र संघको बाल अधिकार महासन्धिलाई अनुमोदन गरेपछि बालबालिकाको विषयलाई राष्ट्रिय प्राथमिकतामा राखी विभिन्न कार्यहरु गरिरहेको सबैलाई विदितै छ । वि.सं. २०४८/०४९ सालतिरप्राथमिक तहमा बालबालिकाको खुद भर्नादर ६४ प्रतिशत रहेकोमा हाल करिब ९७.० प्रतिशत पुगेको छ । प्राथमिक शिक्षामा छात्रमा छात्राको अनुपात ०.५६ बाट बढेर १.०९ पुगेको छ । माध्यमिक शिक्षा (कक्षा ९-१०) मा यो अनुपात ०.४३ बाट बढेर १.० पुगेको छ । घट्दो जन्म दरका कारण विद्यालय स्तरमा विद्यार्थीको संख्या घट्ने क्रममा रहेको देखिएको छ । यसैगरी सोही अवधिमा नवजात शिशु मृत्युदर प्रति हजारमा ५० जना रहेकोमा २१ मा, शिशु मृत्युदर प्रति हजारमा १०८ जना रहेकोमा ३२ जनामा र बाल मृत्युदर प्रति हजारमा १६२ रहेकोमा ३८ जनामा झरेको छ । बालबालिकामा कुपोषणको दर पनि उल्लेख्य मात्रामा घटेको देखिएको छ । बाल स्वास्थ्यको क्षेत्रमा भएको यस किसिमको उपलब्धिका लागि नेपालले अन्तर्राष्ट्रिय पुरस्कार समेत पाइसकेको छ । बाल संरक्षण र अधिकारको विषयमा भएका यस्ता नतिजाहरु उत्साहवद्र्धक रहेको छ । यो तथ्य बालबालिका सम्बन्धी समष्टिगत सूचकाङ्कले स्पष्ट पारेको छ ।

उर्लाबारी नगरपालिकाले नगरलाई बालमैत्री नगरपालिकाको रुपमा कार्यान्वयन गर्न आवश्यक सबै प्रकृयाहरुलाई अवलम्वन गरेको छ । बालबालिका सम्वन्धी ऐन,२०७५ ले व्यवस्था गरेको सबै प्रावधानहरुलाई पुरा गरेको अवस्था रहेको छ । बालबालिका सम्वन्धी ऐन,२०७५ले बालबालिका सम्वन्धी कार्यविधि निर्माण गर्नुपर्ने व्यवस्थालाई उर्लाबारी नगरपालिकाको बालअधिकार संरक्षण तथा सम्वर्दन कार्यविधि २०७७ जारी भई लागु भएको अवस्था रहेको छ । त्यसैगरी बालबालिका सम्वन्धी ऐन,२०७५ले व्यवस्था गरे अनुरुप नगरस्तरीय बालअधिकार समिति र वडा स्तरीय बालअधिकार समितिहरु गठन भएका छन । बालबालिका सम्वन्धी ऐन, २०७५ को दफा ६१ अनुसार बालकल्याण अधिकारी तोकी बालबालिका शाखा समेतको व्यवस्था भएको छ । बालमनोविज्ञ र समाजसेवीको सुचिकृत गरीएको र बालकोषको स्थापना गरिएको छ । त्यसैगरी वडास्तरीय बालसञ्जाल गठन, बालक्लवहरुको गठन र नगरपालिकामा सुचिकृत गर्ने व्यवस्था गरिएको छ ।

चन्द्रकला सुब्बा
बालकल्याण अधिकारी

S. Sankalpa Nepal Pvt. Ltd.
Tokha-8, Kathmandu
Estd.-2074

समग्रतामा बालबालिकाको विषयलाई नगरपालिकाले प्राथमिकतामा राखी कार्य गरिरहेको छ । बालमैत्री नगर वनाउन नगरपालिकाको सबै संयन्त्रहरु व्यवस्थित र परिचालित गरिएको छ ।

## सन्दर्भ सामग्रीहरु


नेपालको संविधान (२०७२)

बालबालिका सम्बन्धी ऐन, २०७५

अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५

आवासको अधिकार सम्बन्धी ऐन, २०७५

एक्प्याट, लक्जम्बर्ग, एसेसिङ्ग एण्ड अण्डरस्ट्याण्डिङ्ग द रिस्कः

सेक्सुयल एक्सप्लोइटेसन अफ चिल्ड्रेन अनलाइन इन नेपाल, २०१७

केन्द्रीय तथ्याङ्क विभाग/आइएलओ, नेपाल बालश्रम प्रतिवेदन, २०१२

केन्द्रीय तथ्याङ्क विभाग, नेपाल जीवन स्तर सर्वेक्षण, सन् २०११

केन्द्रीय तथ्याङ्क विभाग, नेपाल बहु-सूचकाङ्क क्लस्टर सर्भेक्षण, २०१४

केन्द्रीय तथ्याङ्क विभाग, पपुलेसन मोनोग्राफ २, सन् २०१४

केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना, २०७८

राष्ट्रिय बालअधिकार परिषद्,नेपालका बालबालिकाको स्थिति प्रतिवेदन, २०८०

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, बालबालिका सम्बन्धी राष्ट्रिय नीति, राष्ट्रिय परिचयपत्र तथा केन्द्रीय पञ्जीकरण विभाग, २०७६

उर्लावारी नगरपालिकाको रणनीतिक योजना २०७९

उर्लावारी नगरपालिकाको पार्शचित्र,२०७७


चन्द्रकला सुब्बा
बालकल्याण अधिकारी

S. Sankalpa Nepal Pvt. Ltd.
Tokha-8, Kathmandu
Estd.-2074